संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६५ साउन २४**

# विश्वका आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय दिवस

*कार्यवाहक संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त क्युङ-ह्वा काङ तथा आदिवासी जनजातिका मानवअधिकार र मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदक एस. जेम्स् अनायाद्वारा दिइएको वक्तव्य*

जेनेभा – अगस्त ९ तारिखका दिन मनाइने यस वर्षको विश्वका आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय दिवस आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको महासभाद्वारा सेप्टेम्बर २००७ मा गरिएको ऐतिहासिक अवलम्बनपश्चात हुन लागेको पहिलो दिवस हो।

आदिवासी जनजातिहरूद्वारा दुई दशकभन्दा लामो अवधिसम्म गरिएको अथक अभियानको उत्कर्षको रूपमा रहेको घोषणापत्र – मस्यौदा तयार पार्ने कार्य सन् १९८५ मा सुरु गरिएको थियो – उनीहरूको मानवअधिकारको संरक्षणमा महत्त्वपूर्ण उपलब्धि रह्यो।

संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूको अत्यधिक बहुमतबाट स्वीकृत घोषणापत्रले विश्वका अनुमानित ५००० आदिवासी जनजाति समुदायहहरू (करिब ३७ करोड व्यक्ति) को जीवन, प्रतिष्ठा तथा कल्याणका लागि न्यूनतम मापदण्ड स्थापित गरेको छ। यसले उनीहरूको भिन्न हुन पाउने अधिकार तथा उनीहरूको आफ्नै भूमिमा शान्तिपूर्णरूपमा बसोबास गर्न पाउने अधिकारलाई पुनःपुष्टि गरेर उनीहरूले ऐतिहासिकरूपमा सामना गरेका अन्यायहरूलाई सम्बोधन गर्न खोजेको छ। यो वर्ष आफ्नो ६०औं वार्षिकोत्सव मनाइरहेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा वकालत गरिएका न्याय तथा मर्यादाका मार्गनिर्देशक सिद्धान्तमा समेत यसले उल्लेख्य योगदान पुऱ्याएको छ।

तर, महत्त्वपूर्ण भए तापनि आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रको अवलम्बन स्वयंले ती पुरूष, महिला तथा बालबालिका, जसका अधिकारको यसले वकालत गर्दछ, को दैनिक जीवनमा परिवर्तन ल्याउँदैन। यसका लागि हामीलाई आदिवासी जनजातिहरूसँगै परामर्श गरी प्रारूपण तथा अवलम्बन गरिएका विभिन्न प्रकारका अत्यन्त व्यवहारिक कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गर्न राज्यहरूको राजनीतिक प्रतिबद्धता, अन्तर्राष्ट्रिय सहयोग, तथा अन्ततः आमजनताको समर्थन र सद्भावको आवश्यकता छ।

मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि जिम्मेवार रहेको प्रमुख संयुक्त राष्ट्रसङ्घीय निकाय मानवअधिकार उच्चायुक्तको कार्यालय तथा आदिवासी जनजातिहरूको मानवअधिकार र मौलिक अधिकारहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदक घोषणापत्रमा भएका अधिकारहरूको प्राप्तिको निम्ति सहकार्य गर्न प्रतिबद्ध छन् जसबाट बढ्दो सङ्ख्याका विश्वका आदिवासी जनजातिहरू साँच्चिकै मर्यादा र शान्तिसँग बाँच्न सक्छन्।

थप जानकारीका लागि हेर्नुहोस्:
*http://www2.ohchr.org/english/issues/indigenous/intday2008.htm*

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**
**Website: http://nepal.ohchr.org**